वैठक संख्या : १५/२

आज मिति २०७९।१२।०३ गते शुक्रबारका दिन बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमको पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उपप्रमुख | |
| ३ | श्री मणी पुलामी थापा मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री बिक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | रिता |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री बिजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री गणेशराज कार्की | सचिव | |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | अधिकृत आठौं | |
| २ | धनमाया राई | लेखा अधिकृत | |
| ३ | झमक भट्टराई | अधिकृत छैठौं | |
| ४ | दिनेश खड्का | स.कम्प्युटर अपरेटर | |



CamScanner

**प्रस्तावहरू**

१. अघिल्लो बैठकको समीक्षा र अनुमोदन सम्बन्धमा ।

२. १८ बुँदे निर्देशन कार्यान्वयन सम्बन्धमा ।

३. योजनाहरुको म्याद थप सम्बन्धमा ।

४. फोहोरमैला व्यवस्थापन ठेक्का अनुमोदन सम्बन्धमा ।

५. हाटबजारको राजस्व सम्बन्धमा ।

६. मृत कर्मचारीको परिवारलाई सहयोग सम्बन्धमा ।

७. क्यान्सर पिडित कर्मचारीलाई सहयोग सम्बन्धमा ।

८. खेलकुद विकास समितिको निर्णय स्वीकृत गर्ने सम्बन्धमा ।

९. राष्ट्रिय परिचपत्रको विवरण दर्ता / संकलन गर्ने कर्मचारीको खाजा/खाना सम्बन्धमा ।

१०.राजस्व छुट/फिर्ता सम्बन्धमा ।

११.संस्था दर्ता सम्वन्धमा ।

१२.स्टक प्रमाणित सम्बन्धमा ।

१३.वैकल्पिक उर्जाको कार्यक्रम सम्बन्धमा ।

१४.बेलबारी सपिङ कम्प्लेक्स निर्माण सम्बन्धमा ।

१५.कालोपत्रे सडक सम्बन्धमा ।

१६.सामाजिक विकासतर्फका आयोजना स्वीकृत/अनुमोदन सम्बन्धमा ।

१७.भूउपभयोग क्षेत्र वर्गीकरण व्यवस्थापन सम्बन्धमा ।

१८. नगर खेलकुद विकास समितिमा मनोनयन सम्बन्धमा ।

१९. नगर शिक्षा समितिमा मनोनय सम्बन्धमा ।

२०. नगर स्तरिय जलश्रोत समिति गठन सम्बन्धमा ।

२१. वास यूनिट गठन सम्बन्धमा ।

२२.प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

२३.पञ्चज्योतिआ.वि बेलबारी – ४ र महेन्द्र आ.वि. बेलबारी ५ लाई अनुदान दिने सम्वन्धमा ।

२४.आर्थिक सहायता सम्वन्धमा ।

२५.राष्ट्रपति रनिङ सिल्ड रकम थप गर्ने सम्बन्धमा ।

२६.सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।

२७.कार्यविधि संशोधन सम्बन्धमा ।

२८.जलश्रोत नियमावली मस्यौदा सम्बन्धमा ।

२९.कृषि पूर्वाधार निर्माण सम्बन्धी प्रस्ताव माग पेस गर्ने सम्बन्धमा ।

३०. विविध

बेलबारी नगरपालिका बेलबारी मोरङ कोशी प्रदेश नेपाल



CamScanner

...हरू

**निर्णय नं. १.** मिति २०७९।११।११ गते सम्पन्न कार्यपालिका बैठकले गरेका निर्णयहरूको समिक्षा गर्दा कार्यान्वयनको अवस्था देहाय बमोजिमको चरणमा रहेको पाईयो ।

**देहाय**

| क.स. | निर्णय नं. | मुल विषय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| क. | २ | कवड हल निर्माण सम्बन्धमा । | भएको | |
| ख. | ३ | वडा नं. ४ का साना आयोजना संचालन सम्बन्धमा । | प्रकृयामा रहेको | |
| ग. | ४ | विपद् व्यवस्थापन गण प्रहरी इकाइका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सम्बन्धमा । | नभएको । | |
| घ. | ५ | प्रदेश प्रहरी अस्पताललाई आवास उपलब्ध गराउने सम्बन्धमा । | भएको । | |
| ङ. | ६ | करार सेवा निर्वृत्त कर्मचारीहरूको सुविधा अनुमोदन सम्बन्धमा । | भएको । | |
| च. | ७ | राष्ट्रपति रनिङ सिल्डका लागि लागत अनुमान स्वीकृत गर्ने सम्बन्धमा । | भएको | |
| छ. | ८ | झुलुङ्गे पुल माग गर्ने सम्बन्धमा । | भएको | |
| ज. | ९ | संस्था दर्ता सम्बन्धमा । | भएको | |
| झ. | १० | वडा नं. ५ मा ह्युम पाईप उपलब्ध गराउने सम्बन्धमा । | भएको | |
| ञ. | ११ | नगर अस्पताल र प्राथमिक स्वास्थ्य चौकीमा चिकित्सक व्यवस्थापन सम्बन्धमा । | प्रकृयामा रहेको । | |
| ट. | १२ | नदी नियन्त्रण सम्बन्धमा । | प्रकृयामा रहेको । | |
| ठ. | १३ | घ वर्ग ईजाजत सम्बन्धमा । | भएको | |
| ड. | १४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा । | भएको | |
| ढ. | १५ | निर्माणाधिन सडक सम्बन्धमा । | प्रकृयामा रहेको । | |
| ण. | १६ | वडा कार्यालय घेरावारा र सटर निर्माण कार्यको रकम भुक्तानी सम्बन्धमा । | भएको । | |
| त. | १७ | कल्भर्ट निर्माण सम्बन्धमा । | प्रकृयामा रहेको । | |
| थ. | १८ | पैनी निर्माण सम्बन्धमा । | प्रकृयामा रहेको । | |
| द. | १९ | सडक निर्माण सम्बन्धमा । | प्रकृयामा रहेको । | |
| ध. | २० | ट्युबवेल तथा जस्तापाता खरिद तथा वितरण सम्बन्धमा । | प्रकृयामा रहेको । | |
| न. | २१ | नगर कार्यपालिकाको घेरावारा सम्वन्धमा । | प्रकृयामा रहेको । | |
| ऩ. | २२ | बजारको टहरा निर्माण सम्बन्धमा । | प्रकृयामा रहेको । | |
| प. | २३ | भूउपभयोग आधारपत्र पारित सम्बन्धमा । | भएको । | |
| फ. | २४ | भूउपयोग इकाइ गठन सम्बन्धमा । | भएको । | |
| ब. | २५ | योजना तथा कार्यक्रमको अनुमोदन सम्बन्धमा । | भएको । | |
| भ. | २६ | आधारभूत तह कक्षा – ५ र ८ को परीक्षा सञ्चालन सम्बन्धमा । | सञ्चालनमा रहेको । | |

दिलप्रसाद राई
नगर प्रमुख

<table>
<tr><th>प्रस्ताव नं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>२</td><td>१८ बुँदे निर्देशन कार्यान्वयन सम्बन्धमा ।</td><td>सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. १३६६ मिति २०७९/११/२८ को पत्रमा उल्लेखित १८ बुँदे निर्देशन तत्काल कार्यान्वयन गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने र सोका लागि नागरिक सन्तुष्टी सर्वेक्षण, व्यवस्थापन परीक्षण र पदाधिकारीको आचारसंहिता सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) बमोजिम कार्य गर्ने कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।</td></tr>
<tr><td>३</td><td>योजनाहरुको म्याद थप सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकाले देहाय बमोजिम योजना सञ्चालनमा रहेको र उक्त योजना सम्झौता बमोजिमको समयमा सम्पन्न नहुने भएकाले देहाय बमोजिम म्याद थप्ने निर्णय गरियो ।<br><u>देहाय</u>
<table>
<tr><th>क.स.</th><th>नाम</th><th>निर्माण / परामर्शदाताको नाम</th><th>कार्य सम्पन्न गर्नुपर्ने म्याद थप मिति</th><th>म्याद थप गर्नुपर्नका कारण</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>नयाँ बाहुनी बेंजार देखि कयर खोला पुल सम्म सडक कालोपत्रे</td><td>श्री सुनसरी गढी कन्स्ट्रक्सन प्रा.ली.</td><td>२०८० / ०१ / १५</td><td>परियोजना स्थलमा विवाद</td><td>नगर प्रमुख स्तरिय निर्णय भएको र सोलाई स्वीकृत /अनुमोदन गर्ने ।</td></tr>
</table></td></tr>
<tr><td>४</td><td>फोहोरमैला व्यवस्थापन ठेक्का अनुमोदन सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिका भित्र फोहोरमैला व्यवस्थापनका लागि सार्वजनिक नीजी साझेदारीको माध्यमबाट व्यवस्थापन पाँच वर्षको लागि वेस्ट एण्ड इन्भारो म्यानेजमेन्ट प्रा.लि. इटहरी सुनसरीसँग भएको संझौता अनुमोदन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>५</td><td>हाटबजारको राजस्व सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकाको बेलबारी नगरपालिका वडा नं. १ र २ बाहेकका साप्ताहिक हाटबजारको वेतना कन्स्ट्रक्सन प्रा.लि.सँग संझौता भई कार्य भैरहकोमा उक्त कम्पनीले संझौता बमोजिमको किस्ता रकम बुझाउन ताकेता गरेकोमा उपस्थित गराई रकम नबुझाएमा आवश्यक कारवाही गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>६</td><td>मृत कर्मचारीको परिवारलाई सहयोग सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकामा करार सेवामा कार्यरत कृषि प्राविधिक सहायक विशाल सिटौलाको कार्यालयबाट घर फर्कने सिलसिलामा पथरीमा सवारी दुर्घटना परि असमायिक निधन भएकोमा निज कर्मचारीप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै निजको परिवारलाई बजेट शिर्षक नं.२११११ पारिश्रमिक कर्मचारीबाट रु. ५ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।</td></tr>
<tr><td>७</td><td>क्यान्सर पिडित कर्मचारीलाई सहयोग सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकाको बाहुनी प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत चन्न दाहाललाई क्यान्सर रोग लागि उपचार गराईरहेको हुँदा निजलाई स्वास्थ्य उपचारको लागि बजेट शिर्षक नं. २११११ बाट रु. १ लाख सहयोग गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>८</td><td>खेलकुद विकास समितिको निर्णय स्वीकृत गर्ने सम्बन्धमा ।</td><td>खेलकूद विकास समितिको मिति २०७९।१०।२४ र ११।२७ को बैठकबाट भएका निर्णयहरु अनुमोदन गरियो ।</td></tr>
</table>

दिलप्रसाद राई
नगर प्रमुख



CamScanner

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| ९ | राष्ट्रिय परिचपत्रको विवरण दर्ता / संकलन गर्ने कर्मचारीको खाजा/खाना सम्बन्धमा । | राष्ट्रिय परिचय पत्र दर्ताको लागि खटिएका कर्मचारीहरुलाई खाजा खाना बापत प्रतिमहिना रु. ५ सयका दरले वडाबाट प्राप्त सिफारिसका आधारमा रकम उपलब्ध गराउने निर्णय गरियो । |
| १० | राजस्व छुट/फिर्ता सम्बन्धमा । | डेल्टा ईंग्लिस बोर्डिङ्ग, बेलबारी ४ ले दिएको निवेदन बमोजिम राजस्व छुट सम्बन्धमा कुनै कारवाही नगर्ने बरु उक्त विद्यालयलाई प्रचलित कानून बमोजिम नियमित रुपमा राजस्व बुझाएको हुदाँ धन्यवाद सहित सम्मान गर्ने निर्णय गरियो । |
| ११ | संस्था दर्ता सम्बन्धमा । | संघीय सहकारी ऐन २०७४ को दफा २९ को उपदफा १ र २ तथा बेलबारी नगरपालिका सहकारी ऐन २०७५ को दफा १९ बमोजिम पारिश्रमिक सामाजिक उद्यमी महिला सहकारी संस्था लि. बेलबारी-७ को तपशिल बमोजिम विधान संशोधन गर्न स्वीकृत प्रदान गरियो । साथै बेलबारी नगरपालिका संस्था दर्ता ऐन, २०७६ को दफा ४ बमोजिम मुवाँथाई कल्ब बेलबारी-३ लाई दर्ता अनुमति दिने निर्णय गरियो ।<br><br>**सावकमा भएको व्यवस्था:** परिच्छेद ४ को दफा ३५ उपदफा (४): लगातार दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति संचालकमा निर्वाचित गरिनेछैन ।<br>**संशोधन/परिमार्जन भएको व्यवस्था:** परिच्छेद ४ को दफा ३५ उपदफा (४): लगातार दुई कार्यकाल भन्दा बढी एकै व्यक्ति संचालकको एकै पदमा निर्वाचित गरिनेछैन ।<br>**संशोधनको कारणहरु:** कार्यसम्पादनमा स्पस्ट गर्न आवश्यक भएको । |
| १२ | स्टक प्रमाणित सम्बन्धमा । | नगरक्षेत्रभित्र विभिन्न समयमा नदि किनारमा भण्डार गरी राखेका नदिजन्य पदार्थको हकदाबीको लागि पेश भएका निवेदनहरुको भ्याट बिल/बिक्री रसिद वा भण्डारको आधिकारिकता पेश गरेमा नियमानुसार प्रमाणित शुल्क लिई स्टक प्रमाणित गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । |
| १३ | वैकल्पिक उर्जाको कार्यक्रम सम्बन्धमा । | संघीय सरकारबाट शसर्त अनुदानको रुपमा प्राप्त वैकल्पिक उर्जाको कार्यक्रम सञ्चालनको लागि नगरक्षेत्रमा रहेका सोलार मर्मत, बायोग्याँस र इन्डक्शन चुल्होको कार्यक्रम अगाडि बढाउने निर्णय गरियो । |
| १४ | बेलबारी सपिङ कम्प्लेक्स निर्माण सम्बन्धमा । | नगर विकास कोषको साझेदारीमा सञ्चालन भैरहेको सपिङ्ग कम्प्लेक्स भवनको निर्माण कार्य गरिरहेको फर्मले विगत केही महिना दिनदेखि काम नगरी सम्पर्क विहीन भएको हुदाँ उक्त ठेकेदारलाई यथाशिघ्र सम्पर्क गरी कार्य गर्न गराउन कार्यालयलाई निर्देशन गरियो । |
| १५ | कालोपत्रे सडक सम्बन्धमा । | बेलबारी वडा नं. १ को रत्न मार्गमा प्रस्ताव भएबमोजिमको रकम भेरिएसन गरी नगर अस्पताल सडकसम्म जोड्ने र वडा नं. ५ को कालोपत्रे सडकमा प्रस्तावित रकम बमोजिम भेरिएसन गर्ने साथै वडा नं. ६ को कालोपत्रे सडकको काम यथाशिघ्र सम्पन्न गराउने निर्णय गरियो । |
| १६ | सामाजिक विकासतर्फका आयोजना स्वीकृत/अनुमोदन सम्बन्धमा । | चालु आ.व.मा सामाजिक विकास तर्फ नगरप्रमुखबाट स्वीकृत गरी सञ्चालन भएका देहायका कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो । |

दिलप्रसाद राई
नगर प्रमुख

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| | | |

| क्र.स. | माग गर्ने संस्था /निकाय | विषय | माग रकम रु | पालिकाबाट प्रदान गरेको / गरिने रकम रु | खर्च शीर्षक (नगर विकास योजना) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ड्रिमल्याण्ड फन पार्क,बेलबारी ३ | पर्यटन विकास र प्रवर्द्धन निम्ति साहित्तिक कार्यक्रम | | १,००,००० | १५९ | आदेश भएको |
| २ | श्री सक्ति सनातनी भजन किर्तन मण्डली,बेलबारी १० | मन्दिर घेराबारा | | १,५०,००० | १५९ | आदेश भएको |
| ३ | श्री राजा थप्पर सिंह महाराज थान सेवा समिति,बेलबारी ८ | विभिद सामाग्री माग ( स्टिल दराज,स्टिल टि टेवल,आराम चेयर,सोफासेट,साउण्डसेट आदी) | | ७५,००० | १५९ | आदेश भएको |
| ४ | हि क्यान (हामी सक्छौ),बेलबारी,मोरङ | १६ दिने महिला हिंसा विरुद्धको जनचेतना कार्यक्रम | | २०,००० | १५९ | भुक्तानी भएको |
| ५ | जनता मा.वि. राधानगर,बेलबारी ८ | शैक्षिक अवलोकन भ्रमण | | ४०,००० | १५९ | भुक्तानी भएको |
| ६ | १ नं. वडा समितिको कार्यालय,बेलबारी १ | खोप केन्द्र मर्मत | | १,२५,००० | ३८९ | आदेश भएको |
| ७ | कसेनी खानेपानी तथा सरसफाई उपभोक्ता समिति,बेलबारी ५ | खानेपानी पाईप विस्तार | | ५,००,००० | ३९५ | आदेश भएको |
| ८ | बेलबारी साना शहरी खानेपानी तथा सरसफाई उ.समूह बेलबारी | ट्याङ्की वरिपरी वाल कम्पाउण्ड लगाउने कार्य बेलबारी - १ | ६,५०,००० | ६,५०,००० | ३८८ बाट ३ लाख र ३९५ बाट ३ लाख ५० हजार | आदेश भएको |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १७ | भूउपभयोग/ वर्गिकरण व्यवस्थापन सम्बन्धमा । | मिति २०७९।१२।०२ गते उत्तरी मोरङका अन्तरपालिकाको वैठकबाट भूउपयोग योजना तथा वर्गीकरण सम्बन्धी मापदण्ड कार्यान्वयनमा समानजस्यता कायम गरी कार्यान्वयन गर्ने गराउने लगायत उत्तरी मोरङका आठ अन्तरपालिकाको साझा सरोकारको विषयमा कार्य गर्न गठित पालिका प्रमुखहरुको निर्देशक समिति र प्रमुख प्रशासकीय अधिकृतहरु भएको कार्यदल सम्बन्धी निर्णय अनुमोदन गरियो । |
| १८ | नगर खेलकुद विकास समितिमा मनोनयन सम्बन्धमा । | बेलबारी नगरपालिकाको खेलुकद सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७६ (संसोधन २०७९ सहित) को दफा ३ को उपदफा (२) को देहाय बमोजिम व्यवस्था भए बमोजिम देहायका सदस्यहरू नगर खेलुकुद विकास समितिमा तोक्ने निर्णय गरियो ।<br>क. दफा ३ को उपदफा (२) को खण्ड (घ) र (ङ) बमोजिम<br>१. संजीब बुढाथोकी — बेलबारी ९<br>२. संजिव राई — बेलबारी ३<br>३. किरण कार्की — बेलबारी ४<br>४. अमिर मगर — बेलबारी १० |



दिलप्रसाद राई
नगर प्रमुख

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| | | ५. भगवती राई — बेलबारी ११<br>६. कोमल श्रेष्ठ — बेलबारी ९ |
| १९ | नगर शिक्षा समितिमा मनोनय सम्बन्धमा । | बेलबारी नगरपालिकाको शिक्षा ऐन २०७६ (संसोधन २०७९ सहित) को दफा २५ मा व्यवस्था भएको शिक्षा समितिको पूर्णताका लागि नगर कार्यपालिका सदस्य मध्येबाट कम्तिमा १ जना महिला सहित २ जना तोक्नु पर्ने व्यवस्था भए बमोजिम देहायका नगर कार्यपालिका सदस्यलाई शिक्षा समितिको सदस्यमा तोक्ने निर्णय गरियो ।<br>१. डिल्ली बहादुर कटुवाल — कार्यपालिका सदस्य<br>२. भीम कुमारी गुरूङ— कार्यपालिका सदस्य |
| २० | नगर स्तरिय जलश्रोत समिति गठन सम्बन्धमा । | बेलबारी नगरपालिकाको जलस्रोत व्यवस्थापन तथा उपयोग ऐन, २०७९ को दफा १४ बमोजिम गठन गर्नुपर्ने नगरस्तरीय जलस्रोत समितिको पूर्णताका लागि ऐनको दफा १४ को उपदफा (२) को खण्ड (ङ) बमोजिम देहायका कार्यपालिका सदस्यलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।<br>१. सुनिता चौधरी — कार्यपालिका सदस्य<br>२. पार्वती गौतम — कार्यपालिका सदस्य |
| २१ | वास यूनिट गठन सम्बन्धमा । | खानेपानी मन्त्रालयको चलानी नं. ३०२ मिति २०७९/१०/२२ गतेको निर्णयानुसार वास युनिट गठन गर्नका लागि परिपत्र भए बमोजिम एक घर एक धाराको नीति, दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरूको यथार्थ चित्रण तथा लक्ष्य पूरा गर्न अवलम्वन गर्नुपर्ने योजना खाकाको तयारी लगायत खानेपानी तथा सरसफाइका विविध कार्य गर्नका लागि देहायका पदाधिकारीहरू रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।<br>क. नगर प्रमुख - संयोजक<br>ख. नगर उपप्रमुख — सदस्य<br>ग. प्रमुख प्रशासकीय अधिकृत — सदस्य<br>घ. परियोजनाको प्रतिनिधि - सदस्य<br>ङ. वातावरण तथा विपद व्यवस्थापन शाखाको इन्जिनियर / फोकल पर्शन — सचिव सदस्य |
| २२ | प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा । | प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्विनका लागि सूचीकरणमा समावेश भएका बेरोजगार व्यक्तिहरुबाट प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ बमोजिम तथा यूवा रोजगारको लागि रुपमान्तरणीय पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन कार्यविधि) २०७९ अनुरुप सञ्चालन गर्ने । साथै यूवा रोजगारको लागि रुपान्तरणीय पहल आयोजना अन्तर्गतको रोजगारी श्रृजनाका लागि वडा नं. १, ६ र ११ मा कार्यक्रम सञ्चालन गर्ने र बाकी वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । |
| २३ | पञ्चज्योति आ.वि बेलबारी — ४ र महेन्द्र आ.वि. बेलबारी ५ लाई अनुदान दिने सम्बन्धमा । | वडा नं. ४ को पञ्चज्योति आधारभूत विद्यालयलाई कोठा मर्मत र जस्तापाताको लागि वडा स्तरिय योजनामा अन्तर्गत विनियोजन भएको ब.शि.नं. ३०४ को रकम रू १०५०००/- प्रचलित कानुन बमोजिम मात्र खर्च गर्ने गरी पूँजीगत अनुदान स्वरूप सम्बन्धित विद्यालयलाई उपलब्ध गराउने र वडा नं. ५ को महेन्द्र आधारभूत विद्यालय फिल्ड मर्मतका लागि वडा स्तरीय योजनामा अन्तर्गत विनियोजन भएको ब.शि.नं. ४५५ को रकम रू ५०००००/- प्रचलित कानुन बमोजिम मात्र खर्च गर्ने गरी पूँजीगत अनुदान स्वरूप सम्बन्धित विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो । |
| २४ | आर्थिक सहायता सम्बन्धमा । | वडा नं. ५ को निर्वाचन क्षेत्र रणनीतिक सडक विस्तारको कारण स्थानान्तरण गर्नु पर्ने भएकोले उक्त स्थानका ११ घरपरिवारलाई प्रति परिवार रु. ४० हजारका दरले वसोवासको व्यवस्थाका लागि आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो । |

| क्र.स. | सुकुम्बासी परिवारको घरमुलीको नाम | परिवार संख्या | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | श्याम कुमार सरदार बातर | ४ | बेलबारी ५ | |



दिलप्रसाद राई
नगर प्रमुख

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | शालीग्राम खवास | ३ | बेलबारी ५ | स्रोत नगर विकास योजना नं. ३ ऋषिदेव समुदाय उत्थान कार्यक्रम |
| ३ | राज कुमार खवास | ३ | बेलबारी ५ | |
| ४ | वंशीलाल सरदार | २ | बेलबारी ५ | |
| ५ | गंगाराम ऋषिदेव | ४ | बेलबारी ५ | |
| ६ | सोमना ऋषिदेव | ३ | बेलबारी ५ | |
| ७ | शिव नारायण ऋषिदेव | २ | बेलबारी ५ | |
| ८ | पारो ऋषिदेव | २ | बेलबारी ५ | |
| ९ | फागु ऋषीदेव | ५ | बेलबारी ५ | |
| १० | अनद रिषीदेव | २ | बेलबारी ५ | |
| ११ | बल्लु रिषिदेव | ५ | बेलबारी ५ | |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| २५ | राष्ट्रपति रनिङ सिल्ड रकम थप गर्ने सम्बन्धमा । | राष्ट्रपति रनिङ्ग सिल्ड कार्यक्रममा बजेट शिर्षक नं. १४६ नगरस्तरीय खेलकूदबाट रु. १ लाख ४० हजार थप गर्ने निर्णय गरियो । |
| २६ | सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा । | सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनको लागि विगतमा वडाहरुबाट माग भए बमोजिमका परिवारको लागि चालु आ.व.मा प्राप्त बजेटबाट कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । |
| २७ | कार्यविधि संशोधन सम्बन्धमा । | बेलबारी नगरपालिका नागरिक स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को पहिलो संशोधन तपशिल बमोजिम गरियो साथै बेलबारी नगरपालिका कार्यसम्पादन नियमावली २०७४ को (दोश्रो संशोधन) अनुसूची -२ विषयगत शाखाको कार्य विभाजन स्वीकृत संगठन तथा व्यस्थापन सर्भेक्षण प्रतिवेदन, २०७९ बमोजिम संशोधन गरी मिलाउन आवश्यक भएको हुदाँ सोही बमोजिम गर्ने निर्णय गरियो ।<br>**बेलबारी नगरपालिका नागरिक स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ (पहिलो संशोधन)** |

| साविकमा भएको व्यवस्था | संशोधन/थप गर्नु पर्ने | कारण |
|---|---|---|
| दफा ६. लक्षित वर्गः (२) उपदफा (१) बमोजिमको प्राथमिकताको आधारमा कुल बिमा अंकको ५० प्रतिशत नगरपालिकाले र बाकी ५० प्रतिशत सम्बन्धित बीमित परिवारले व्यहोर्नुपर्नेछ । | <u>दफा ६. को उपदफा (२) लाई संशोधन गर्ने:</u> (२) उपदफा (१) बमोजिमको प्राथमिकताको आधारमा वडा समितिले औचित्य हेरी अति विपन्न र सिमान्तकृत परिवारको हकमा कुल बिमा अंकमा शतप्रतिशत सम्म छुट समेत गर्न सक्नेछ। | अति विपन्न र सिमान्तकृत परिवारलाई राहत दिन आवश्यक भएको |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| २८ | जलश्रोत नियमावली मस्यौदा सम्बन्धमा । | विधेयक समितिबाट सिफारिस भएको बेलबारी नगरपालिका जलश्रोत उपयोग तथा व्यवस्थापन नियमावली, २०७९ को मस्यौदा दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो । |
| २९ | कृषि पूर्वाधार निर्माण सम्बन्धी प्रस्ताव माग पेस गर्ने सम्बन्धमा । | कृषि तथा पशुपंक्षी मन्त्रालय कृषि पूर्वाधार विकास तथाकृषि यान्त्रिकीकरण प्रवर्द्धन केन्द्रको च.नं. २९५ मिति २०७९।१२।०१ को परिपत्र बमोजिम तपशिल बमोजिमका कार्यक्रमहरुको परियोजना प्रस्ताव तयार गरी लागत सहभागिताका आधारमा सञ्चालन गर्न देहाय बमोजिमको प्रस्ताव पेश गर्ने निर्णय गरियो । |



दिलप्रसाद राई
नगर प्रमुख

CamScanner

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|

| क.स. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १. | कृषि पशुबजार ट्रष्ट टहरा निर्माण बेलबारी नगरपालिका वडा नं. ३ | |
| २. | सोमबारे बजार ट्रष्ट टहरा निर्माण बेलबारी नगरपालिका वडा नं. १ | |
| ३. | शुक्रबारे कृषि बजार ट्रष्ट टहरा निर्माण बेलबारी नगरपालिका वडा नं. २ | |
| ४. | शनिहाट कृषि बजार ट्रष्ट टहरा निर्माण बेलबारी नगरपालिका वडा नं. ५ | |
| ५. | सोमबारे बजार ट्रष्ट टहरा निर्माण बेलवारी नगरपालिका वडा नं. ६ | |
| ६. | बाहुनी बजार कृषि ट्रष्ट टहरा निर्माण बेलबारी नगरपालिका वडा नं. ७ | |
| ७. | भाउन्ने बजार कृषि ट्रष्ट टहरा निर्माण बेलबारी नगरपालिका वडा नं. १० | |
| ८. | बेलबारी सिंचाई योजना | |
| ९. | मकर बाँध पैनी निर्माण, बेलबारी ६ | |
| १०. | बनौल छेउको सिंचाई पैनी निर्माण बेलबारी ६ | |
| ११. | बेतना सयपत्री सिंचाई पैनी निर्माण, बेलबारी ४ | |
| १२. | भुताहा पैनी बाँध निर्माण, बेलबारी ३ | |
| १३. | दाताराम पैनी बाँध निर्माण, बेलबारी २ | |
| १४. | धैतीखोला पैनी बाँध निर्माण, बेलबारी | |
| १५. | झलझली सिंचाई पैनी बाँध निर्माण, बेलबारी १० | |
| १६. | केशलिया विहिवारे दक्षिण पैनी निर्माण, बेलबारी ६ | |
| १७. | केशलिया पैनी बाँध निर्माण, बेलबारी ४ | |
| १८. | कुईरीखोला सिंचाई पैनी बाँध निर्माण बेलबारी १० | |
| १९. | कुमार झोडा पैनी बाँध निर्माण, बेलबारी २ | |

| | | |
|---|---|---|
| ३० | विविध | |
| | क | वडा नं. २ को सिंहदेवी टोल शहिद मार्ग सडक निर्माण कार्यमा विद्युत पोल स्थानान्तरण गर्नको लागि नेपाल विद्युत प्राधिकरण शाखा बेलबारीले पेश गरेको च.नं. १०१६ मिति २०७९।१२।०३ को पत्रानुसारको लागत अनुमान रु. ६३०५१।७३ रुपैया उक्त कार्यालयको एन.एम.वि.बैंक बेलबारी शाखाको धरौटी खाता नं. ०५४००३०५६४९०००१५ मा पठाई दिने निर्णय गरियो । |
| | ख | चालु आ.व.मा नगरप्रमुखबाट स्वीकृत गरी सञ्चालन भएका देहायका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो । |
| | ग | बेलबारी नगरपालिकाको बेलबारी नगर अस्पतालमा नागरिकलाई विषेशज्ञ सेवा समेत प्रदान गरी २४ सै घण्टा अस्पताल सञ्चालन गर्ने उद्देश्यका समेत राखिएको छ । सो सन्दर्भमा उक्त अस्पतालमा देहाय बमोजिमको पदमा कार्य गर्नका लागि जनशक्तिको अभाव रहेको हुँदा देहाय बमोजिमका कर्मचारीलाई देहाय बमोजिमको गर्ने गरी कामकाज गर्नका लागि खटाउने निर्णय गरियो । |

दिलप्रसाद राई
नगर प्रमुख

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|

| क.स. | कर्मचारीको नाम | कार्यरत पद | कार्यक्रम | नगर अस्पतालमा कामकाज गर्न तोकिएको रिक्त दरबन्दीको पद | कैफियत |
|---|---|---|---|---|---|
| १. | दिनेश गौतम | सि.वि.आर.एफ. सहजकर्ता | अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम | अ.हे.व. | सि.वि.आर.एफ. सहजकर्ता पद रिक्त भएको व्यहोरा करूणा फाउण्डेसनलाई जानकारी गराउने र मिति २०७९/१२/१५ गते देखि निजसँग अस्पतालमा अ.हे.व. पदको प्रचलित कानुन बमोजिम सुविधा पाउने गरी सम्झौता गर्ने / गराउने। |
| २. | अर्जुन श्रेष्ठ | स.क.अ. | सार्वजनिक खरिद नियमावली २०६४ को नियमावली ९५ बमोजिम सेवा लिइएको । | स.क.अ. | अर्को व्यवस्था नभएसम्मका लागि विलिङ लगायतका काम गर्नका लागि पठाउने र कार्यसम्पदानका आधारमा नगरपालिकाले म्याद थप सम्बन्धमा निर्णय गर्ने । |

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| | घ | सङ्घीय सरकार समक्ष माग गर्ने गरी देहायका आयोजनाहरू लागत अनुमान अनुसारको कार्य सम्पन्न गर्नका लागि लाग्ने कुल लागतमध्ये नगरपालिकाबाट व्यहोर्नुपर्ने साझेदारी स्वरूप २० प्रतिशतले हुन आउने रकम नगरपालिकाले व्यहोर्ने र उक्त योजनाहरूको आवश्यक बजेट व्यवस्थापनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।<br>**देहाय**<br>१. देवकोटा आधारभूत विद्यालय, बेलबारी ७<br>२. धनपाल माध्यमिक विद्यालय, बेलबारी ५<br>३. विरेन्द्र माध्यमिक विद्यालय, बेलबारी ६ |
| | ङ | बेलबारी नगरपालिका वडा नं. ९ को वडास्तरीय बजेट नं. ५०८ मा शान्तीटोलदेखि कान्छी चौक जाने बाटोमा २ ओटा स्ल्याब कलभर्ट निर्माण गर्नका लागि विनियोजित भएको रकमलाई वडाको मागको आधारमा शान्तीटोलदेखि कान्छी चौक जाने बाटोमा १ ओटा स्ल्याब कलभर्ट निर्माण गर्ने गरी योजनाको नाम परिवर्तन गर्ने निर्णय गरियो । |
| | च | नगरसभाबाट भू-संरक्षण र नदि नियन्त्रणका लागि विनियोजन भएको रकम रू ५०,००,०००/- अक्षरेपि पचास लाखबाट नगर प्रमुख स्तरिय निर्णय भई सञ्चालनमा रहेको लोहन्द्रा पुल उत्तर लोहन्द्रा खोला तटबन्धन, बेलबारी १ का लागि विनियोजन भएको रकम रु २५,००,०००/- लाई स्वीकृत / अनुमोदन गर्ने र बाँकी रकम रु २५,००,०००/- बगरे टोलमा चिसाङ खोला तटबन्धन, बेलबारी ८ — मा उपभोक्ता समिति मार्फत गर्ने गरी कार्य प्रारम्भ निर्णय गरियो । |



दिलप्रसाद राई
नगर प्रमुख